# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कम्हरिया, रुपन्देही

प्रथम पटक प्रकाशित मिति २०७४।११।०२

यस मायादेवी गाउँ कार्यपालिकाको कार्यालयमा देहाय बमोजिमका पदमा दैनिक ज्यालादारी तथा सेवा करारमा लिनुपर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक पदको विवरण**

| क्र.स. | विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवाको प्रकृति |
|---|---|---|---|---|
| १ | ०२/०७४-७५ | सिभिल इन्जिनियर अधिकृत छैठौं | १ (एक) | दैनिक ज्यालादारी |
| २ | ०३/०७४-७५ | अमिन सहयायक चौथो | १ (एक) | दैनिक ज्यालादारी |
| ३ | ०४/०७४-७५ | अ.न.मी. सहायक चौथो | ३ (तीन) | करार सेवा |
| ४ | ०५/०७४-७५ | का.स.(श्रेणीविहिन) | १ (एक) | करार सेवा |
| ५ | ०६/०७४-७५ | औषधी कुटुवा (श्रेणीविहिन) | १ (एक) | दैनिक ज्यालादारी |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

क) सिभिल इन्जिनियरको लागि : मान्यताप्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण गरी नेपाल ईन्जिनियरीङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

ख) अमिनको लागि : S.L.C उत्तीर्ण गरी आधारभुत नापी तालिम लिएको ।

ग) अ.न.मीको लागि . : अ.न.मी. कोर्ष पुरा गरी SBA तालिम लिएको र नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

घ) का.सको लागि . : सामान्य लेखपढ गर्न सक्ने ।

ङ) औषधी कुटुवाको लागि : सामान्य लेखपढ गर्न सक्ने । (आयुर्वेद औषधी निर्माण सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिइनेछ ।)

**३. आवश्यक कागजात :** (१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (२) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि (३) दरखास्त दस्तुर बुझाएको नगदी रसिद । साथै प्रमाणपत्रका प्रतिलिपिहरु स्वयं प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**४. उमेरको हद :**

क) सिभिल इन्जिनियरको लागि : दरखास्त बुझाउने अन्तिम मितिसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेद्वारको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको

ख)अन्य सबै पदको लागि : दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेद्वारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**५. कार्यअवधि :** आ.व. २०७४-७५ (२०७५ असार मसान्त) सम्म हुनेछ ।

**६. उम्मेद्वारको छनौट प्रक्रिया** : छोटो सुची (Short List) विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अर्न्तवार्ता हुनेछ । श्रेणीविहिनको अर्न्तवार्ताको माध्यमबाट मात्र ।

७. दरखास्त फाराम यस कार्यालयबाट तथा कार्यालयको वेभसाइट www.mayadevimunrupandehi.gov.np बाट DOWNLOAD गरी प्राप्त गर्न सकिनेछ । रितपुर्वक दरखास्त फाराम भरी यस कार्यालयमा बुझाउनु पर्नेछ । रित नपुऱ्याई आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

**८. दरखास्त दस्तुर :**

क) सिभिल इन्जिनियरको हकमा : रु. १०००।- (एक हजार मात्र)

ख) अमिनको हकमा : रु. ८००।- (आठ सय मात्र)

ग) अ.न.मी.को हकमा : रु. ८००।- (आठ सय मात्र)

घ) का.स.तथा औषधी कुटुवाको हकमा : रु. ३००।- (तीन सय मात्र)

यस कार्यालयमा नगद बुझाई सो को रसिद सलंग्न गर्नुपर्नेछ ।

**९. सेवा सुविधा :** करार सेवाको लागि आपसी समझदारी अनुसार र दैनिक ज्यालादारीको लागि जिल्ला दररेट अनुसार ।

**द्रष्टव्य :** विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न वा कार्यालयको फोन नं. ०७१-५०७०७७ मा सम्पर्क गर्न सकिनेछ ।

**पदपूर्ति समिति**